# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६) काठमाडौं, कातिक २५ गते २०४३ साल (अतिरिक्ताङ्क ३२


## भाग ३

### पञ्चायत नीति तथा जाँचबुझ समितिको सूचना

**पञ्चायत नीति तथा जाँचबुझ समिति कर्मचारी सेवासम्बन्धी नियमावली, २०४३**

श्री ५ महाराजाधिराजबाट पञ्चायत नीति तथा जाँचबुझ समिति नियमावली-को नियम १८ अन्तर्गत पञ्चायत नीति तथा जाँचबुझ समितिले बनाएको देहाय-बमोजिमका कर्मचारीसम्बन्धी नियमावली स्वीकृत गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो नियमावलीको नाम "पञ्चायत नीति तथा जाँच-बुझ समिति कर्मचारी सेवासम्बन्धी नियमावली, २०४३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) "समिति" भन्नाले पञ्चायत नीति तथा जाँचबुझ समितिलाई सम्झनुपर्छ ।

(ख) "अध्यक्ष" भन्नाले पञ्चायत नीति तथा जाँचबुझ समितिका अध्यक्षलाई सम्झनुपर्छ ।

(ग) "सेवा" भन्नाले पञ्चायत नीति तथा जाँचबुझ समिति कर्मचारी सेवालाई सम्झनुपर्छ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) "पद र श्रेणी" भन्नाले अनुसूची १ मा लेखिएको पद र श्रेणी सम्झनुपर्छ ।

(ङ) "पञ्चायतका वर्गीय संगठन" भन्नाले नेपालको संविधानको भाग १० क.मा उल्लेखित संगठनहरू सम्झनु पर्दछ ।

(च) "पदपूर्ति समिति" भन्नाले पञ्चायत नीति तथा जाँचबुझ समिति सेवा अन्तर्गतका कर्मचारीहरूको नियुक्ति, बढुवा, बर्खास्ती एवं अन्य व्यवस्थाहरू गर्ने नियम ४ बमोजिमको पदपूर्ति समिति सम्झनु पर्दछ ।

(छ) "सदस्य-सचिव" भन्नाले पञ्चायत नीति तथा जाँचबुझ समितिका सदस्य-सचिव सम्झनुपर्छ ।

(ज) "नियुक्ति गर्ने अधिकारी" भन्नाले सदस्य-सचिवलाई सम्झनुपर्छ ।

(झ) "कर्मचारी" भन्नाले पञ्चायत नीति तथा जाँचबुझ समिति सेवा अन्तर्गत काम गर्ने कर्मचारी सम्झनुपर्छ र अवस्थानुसार करार र ज्यालादारीमा काम लगाइएका कर्मचारीलाई समेत जनाउँछ ।

(ञ) "नियुक्ति" भन्नाले नयाँ नियुक्ति र बढुवासमेतलाई जनाउँछ ।

३. दरबन्दी व्यवस्था : पञ्चायत नीति तथा जाँचबुझ समिति सेवाको निमित्त आवश्यक दरबन्दीको व्यवस्था गर्न विवरण खुलाई सदस्य-सचिवले अध्यक्ष समक्ष पेश गर्नेछ । अध्यक्षले स्वीकृति दिए अनुसारको दरबन्दीको व्यवस्था हुनेछ ।

४. पदपूर्ति समिति : पञ्चायत नीति तथा जाँचबुझ समिति सेवाको दरबन्दी अनुसारका कर्मचारीहरूको नियुक्ति, बढुवा र विभागीय सजाय लगायत अन्य आवश्यक सबै व्यवस्थामा सिफारिश गर्न देहायबमोजिमका तीन जना सदस्य भएको एउटा पदपूर्ति समिति हुनेछ ।

(क) पञ्चायत नीति तथा जाँचबुझ समितिका सदस्य-सचिव — अध्यक्ष

(ख) मन्त्रिपरिषद् सचिवालयका मुख्य सचिव वा निजले तोकेको सचिव — सदस्य

(ग) पञ्चायत तथा स्थानीय विकास मन्त्रालयका सचिव — सदस्य

५. सेवाको गठनमा छानिन सक्ने व्यक्तिहरू : यस नियमावली बमोजिम सेवाको प्रारम्भिक गठन हुनुभन्दा अघिल्लो मितिसम्म समितिमा र पञ्चायतका वर्गीय संगठन केन्द्रीय कार्य समितिहरूमा कार्यरत रहेको व्यक्तिहरू सेवाको प्रारम्भिक गठनमा नियुक्तिको लागि प्राथमिकता पाउन सक्नेछन् ।

६. स्थायी नियुक्ति : दरबन्दी अनुसारको स्थायी पदमा नियुक्ति गर्दा पदपूर्ति समितिले गरेको सिफारिशमा सदस्य-सचिवले नियुक्ति गर्नेछन् ।



४५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. ज्येष्ठता : सेवामा पहिलो पटक नियुक्ति हुने व्यक्तिहरूको परस्परको ज्येष्ठता कायम गर्दा पञ्चायत व्यवस्थाप्रति निजको प्रतिबद्धता, शैक्षिक योग्यता र नोकरी अवधिको आधारमा गरिनेछ।

८. रिक्त पदपूर्ति : सेवाको रिक्त पदपूर्ति, यस नियमावली बमोजिम नयाँ भर्ना, सरुवा वा बढुवाद्वारा हुनेछ।

९. का. मु. नियुक्ति : कार्यालयका सचिव पद रिक्त भएमा सदस्य-सचिवले बढीमा ६ महिनासम्म का. मु. नियुक्ति गर्न सक्नेछ।

१०. करार सेवामा नियुक्ति : कार्यालयको काममा उपयुक्त र आवश्यक देखेमा पदपूर्ति समितिको परामर्श लिई अध्यक्षले कुनै व्यक्तिलाई करारमा काम गराउन पर्ने देखेमा सो बमोजिमको निर्णय गरी करारमा आवश्यक नियुक्त गर्न सदस्य-सचिवलाई अधिकार दिन सक्नेछन्। करारमा काम गर्ने व्यक्तिको पारिश्रमिक, सुविधा, शर्त र अन्य कुरा करारनामामा उल्लेख भए अनुसार हुनेछ।

११. दैनिक ज्यालादारीमा काम गराउन सक्ने : पञ्चभेला, सम्मेलन, गोष्ठी सञ्चालन गर्नु परेको अवस्थामा थप कार्य बोझलाई हेरी सदस्य-सचिवले कुनै व्यक्तिलाई दैनिक ज्यालादारीमा त्यस कामको अवधिभरलाई काम गराउन सक्नेछन् र यस नियम बमोजिम काम गर्ने व्यक्तिको दैनिक ज्याला, सेवाको शर्त, काम गर्ने अवधि र सुविधा आदि अध्यक्षले तोकिदिए बमोजिम हुनेछ।

१२. बढुवा : (१) कर्मचारीहरूको बढुवा गर्दा पञ्चायत व्यवस्था प्रति प्रतिबद्धता, सेवाको अवधि, शैक्षिक योग्यता, कामको रेकर्ड (निपुणता, दक्षता एवं कार्यकुशलता) का आधारमा पदपूर्ति समितिले गर्नेछ।

(२) बढुवाको निमित्त कार्य क्षमताको मूल्याङ्कनको आधार पदपूर्ति समितिले तोकेबमोजिम हुनेछ।

१३. अयोग्यता : देहायका व्यक्तिहरू कुनै पदमा नियुक्ति हुन अयोग्य मानिनेछन् तर करार र ज्यालादारीका सम्बन्धमा उमेरको हद लाग्ने छैन :–

(क) सरकारी नोकरीको निमित्त सामान्यतया अयोग्य ठहरिने गरी नोकरीबाट निकालिएका,

(ख) अठाह्र वर्ष नपुगेका तथा पैंतीस वर्ष नाघेका,



४६३ १०७

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएका,

(घ) प्रतिकूल राजनैतिक गतिविधिमा संलग्न भएका।

१४. नियुक्ति गर्ने तरिका:(१) खाली रहेको पदमा नियुक्ति गर्दा पदपूर्ति समितिले निर्दिष्ट गरिएको प्रक्रिया अपनाइनेछ।

(२) नियुक्ति गर्दा लिखित परीक्षा र अन्तर्वार्ता दुवै तरिकाद्वारा उम्मेदवारहरुको छनौट गर्न सकिनेछ।

१५. परीक्षणकाल: (१) कुनै पदमा सर्वप्रथम स्थायी नियुक्ति दिइएको कर्मचारीलाई साधारणतया १ वर्षको परीक्षणकालमा राखिनेछ। परीक्षणकालमा राख्नु अघि निजसम्बन्धी गोप्य प्रतिवेदन लिई प्रतिकूल नभएमा परीक्षणकालमा राखिनेछ। परीक्षणकालमा राखिएको कुनै कर्मचारीको काम सन्तोषजनक नदेखिएमा नियुक्ति गर्ने अधिकारीले उक्त परीक्षणकाल समाप्त नहुँदै वा समाप्त भएको ३० दिनभित्र निजलाई नोकरीबाट हटाउन सक्नेछन्।

(२) परीक्षणकालमा रहेको कर्मचारीले तलब र भत्ता बाहेक स्थायी कर्मचारीले पाए सरह अन्य सुविधाहरू पाउने छैनन्।

(३) परीक्षणकालमा रहेका कर्मचारीले भैपरि आउने बिदा, बिरामी बिदा र बेतलवी बिदा बाहेक अन्य बिदाहरू पाउने छैनन्।

(४) परीक्षणकाल समाप्त भएपछि स्थायी नियुक्ति भएमा निजको जेष्ठता, संचित बिदा, तलब स्केल र उपदान इत्यादिको लागि परीक्षणकालको अवधि समेत गणना गरिनेछ।

१६. शपथ ग्रहण: पहिलो पटक नियुक्ति हुने अधिकृत श्रेणीका कर्मचारीले अध्यक्षले तोकिदिएको ढाँचामा सदस्य-सचिव समक्ष कार्यभार सम्हाल्नु भन्दा अघि शपथ ग्रहण गर्नु पर्नेछ।

१७. अन्य संस्थाबाट कर्मचारी लिने: श्री ५ को सरकारको पूर्ण स्वामित्व भएको स्वशासित संस्थाबाट समान श्रेणीका कर्मचारीहरू, सो संस्थाको स्वीकृति र सम्बन्धित कर्मचारीको मन्जूरी लिई सोही श्रेणीमा पदपूर्ति समितिले उपयुक्तता हेरी सरुवा गरी लिन सकिनेछ। तर यसरी सरुवा भई आएका कर्मचारीहरूको सेवा समितिमा ४ (चार) वर्ष पूरा नभई बढुवाको निमित्त उम्मेदवार बन्न सक्ने छैनन्।



४६० ४३४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अपरोक्ष रूपले अन्य कर्मचारी वा सेवाबाहिरका व्यक्तिहरूलाई थाहा दिन वा प्रेस वा रेडियोलाई सूचित गर्न वा प्रचार प्रसार गर्न हुँदैन ।

(८) कुनै कर्मचारीले सदस्य-सचिवको अनुमति प्राप्त नगरी कुनै पत्र-पत्रिकामा आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्वारा प्रसारण गर्नु हुंदैन तर साहित्यिक, कलात्मक, प्राविधिक, ऐतिहासिक अथवा बैज्ञानिक विषयको लेख भएमा स्वीकृति लिएर मात्र प्रकाशित गर्न पाइनेछ।

(९) कुनै कर्मचारीले लेखेर वा वचनले वा आकार, चिन्हद्वारा वा अरू कुनै किसिमबाट प्रत्यक्ष र अप्रत्यक्ष रूपले नेपालको संविधान र पञ्चायती व्यवस्थाप्रति घृणा, द्वेष, अवहेलना वा अनास्था हुने गरी कुनै काम गर्न वा गर्न प्रयत्न गर्न गराउन हुंदैन।

२२. विभागीय सजाय : (१) निम्नलिखित अवस्थामा नियुक्ति गर्ने अधिकारीले पद-पूर्ति समितिको सिफारिशमा कुनै पनि कर्मचारीलाई कसूरको मात्रानुसार नसिहत दिन वा तलब वृद्धि वा बढुवा रोक्का गर्न वा जानी जानी लापरवाही वा नियम आदेश-को पालना नगर्नाले हुन आएको नोक्सानीको सम्पूर्ण वा आंशिक रूपमा असूल गर्न वा सेवाबाट हटाउन सक्नेछ ।

(क) काम असन्तोषजनक भएमा,
(ख) अनुशासनहीन काम गरेमा,
(ग) आफ्नो पदको काम र जिम्मेवारी पूरा गर्न नसकेमा,
(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भएमा,
(ङ) आफ्नो पदको जिम्मेवारी अनुसार आचरण नगरेमा,
(च) कार्यालयको समयमा मादक पदार्थ सेवन गरेमा,
(छ) भ्रष्टाचार गरेमा, वा
(ज) पञ्चायत विपरीत आचरण र व्यवहार गरेमा।

(२) उप-नियम (१) अन्तर्गत सजाय गर्नुभन्दा अगाडि नियुक्ति गर्ने अधिकारीले कर्मचारीलाई आफ्नो सफाई पेश गर्न मुनासिव माफिकको मौका प्रदान गर्नेछ ।

(३) उप-नियम (१) अन्तर्गत सजायको आदेश पाएकोमा चित्त नबुझ्नेले पन्ध्रदिनभित्र अध्यक्ष समक्ष पुनरावेदन गर्न सक्नेछ । त्यस्तो पुनरावेदनमा अध्यक्ष-को निर्णय अन्तिम हुनेछ । अध्यक्षको निर्णय उपर कुनै अदालतमा उजूर लाग्ने छैन। त्यस्तो कारवाही साधारणतया पन्ध्रदिनभित्र सम्पन्न गरिसक्न पर्नेछ ।



462

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२३. प्रशासकीय नियन्त्रण र रेखदेख : कार्यालयका कर्मचारीहरूमाथि प्रशासकीय आदेश दिने, नियन्त्रण गर्ने एवं रेखदेख गर्ने सम्पूर्ण अधिकार सदस्य-सचिवमा निहित रहनेछ।

२४. अधिकार प्रत्यायोजन : कार्यालयको कार्य बोझलाई हेरी सदस्य-सचिवले यस नियम बमोजिम आफूमा निहित भएको आवश्यक अधिकार अन्य पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२५. पञ्चायत नीति तथा जाँचबुझ समितिका कर्मचारीहरूको सेवा तथा सुविधा : पञ्चायत नीति तथा जाँचबुझ समिति सेवामा जुनसुकै प्रकारबाट नियुक्ति भए तापनि निजको पहिलेको अविछिन्न सेवा समेतको गणना गरी निजामती कर्मचारीले पाए सरह तलब, भत्ता, उपदान, निवृत्तिभरण र अन्य सुविधा समेतको व्यवस्था हुनेछ । तर करारमा आएका र ज्यालादारीका हकमा यो नियम लागू हुनेछैन ।

२६. ओभर टाइम भत्ता : कार्यालयको समय अतिरिक्त काम गर्ने समितिका राजपत्र अनङ्कित कर्मचारीलाई श्री ५ को सरकारको नियम अनुसार खाजा खर्च र ओभर टाइम भत्ता दिइनेछ ।

२७. विभागीय प्रमुख : समितिको सदस्य-सचिवलाई यस सेवाको विभागीय प्रमुख मानिनेछ ।

२८. अन्य व्यवस्था : पञ्चायत नीति तथा जाँचबुझ समिति सेवाका कर्मचारीहरूको सम्बन्धमा यस नियमावलीमा उल्लेख भएका कुराहरू यस नियमावली बमोजिम र नियम २२ का अधीनमा रही यस नियमावलीमा उल्लेख नभएका (तलब स्केल र वृद्धि, बिदा, औषधोपचार सुविधा, बीमा, संचयकोष, उपदान, निवृत्तिभरण र अन्य सुविधा आदि) सम्पूर्ण कुराहरूका सम्बन्धमा निजामती सेवा नियमावलीमा व्यवस्था भएको आधार लिई दिइनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची – १

(क) राजपत्राङ्कित:–

| | |
|---|---|
| सचिव | – विशिष्ट श्रेणी |
| अतिरिक्त सचिव, सह-सचिव | – प्रथम श्रेणी |
| उप-सचिव, सहायक सचिव | – द्वितीयश्रेणी |
| शाखा अधिकृत | – तृतीय श्रेणी |

(ख) राजपत्र अनङ्कित :–

| | |
|---|---|
| नायब सुब्बा, नायब सुब्बा टाइपिष्ट | – प्रथम श्रेणी |
| खरिदार, खरिदार टाइपिष्ट | – द्वितीय श्रेणी |
| पियन, पाले, झारूबढारु | – पञ्चम श्रेणी |
| सवारी चालक | – श्रेणी विहीन |

आज्ञाले,
नूतनदेव खनाल
सदस्य-सचिव
पञ्चायत नीति तथा जांचबुझ समिति

मुद्रण विभाग, सिंहदरबार

४६४



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।